## नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ७, संख्याः ६, श्रावण २८ गते, २०८० साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगरपालिका करार सेवाका कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।४।२३

**प्रस्तावना** : व्यास नगरपालिका स्थापना हुँदा विभिन्न गाउँ विकास समिति समेटिएका एवं गाउँ विकास समितिमा कार्यरत करार सेवाका कर्मचारी र व्यास नगरपालिकामा नै कार्यरत करार सेवाका कर्मचारीहरुको सेवाबाट बाहिरिएको अवस्थामा कुनै सुविधा उपलब्ध हुने प्रावधान नरहेको हुँदा त्यस्ता कर्मचारीहरुको सेवालाई आधारमानी प्रोत्साहन स्वरुप सुविधा प्रदान गर्न नगर सभाले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) अनुसार व्यास नगरपालिका नगर कार्यपालिकाद्वारा यो कार्यविधि बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका करार सेवाका कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८०" हुनेछ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “उपप्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ।

(ख) “करार सेवाका कर्मचारी” भन्नाले व्यास नगरपालिकामा नियुक्ति वा समाहित भएका करार सेवा वा अस्थायी कर्मचारी भन्ने सम्झनु पर्छ।

(ग) “कार्यपालिका” भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) “कार्यविधि” भन्नाले व्यास नगरपालिका करार सेवाका कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८० भन्ने सम्झनु पर्छ।

(ङ) “कार्यालय” भन्नाले व्यास नगरपालिकाको मुख्य र वडा कार्यालय सम्झनु पर्छ।

(च) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ।

(छ) “निवृत्त” भन्नाले उमेरका कारण वा राजीनामा दिई सेवाबाट अलग भएको भन्ने सम्झनु पर्छ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(झ) “शाखा प्रमुख” भन्नाले व्यास नगरपालिकाको सम्बन्धित शाखाको प्रमुख सम्झनु पर्छ।

## परिच्छेद २

## उद्देश्य, समिति गठन र सुविधा

३. **उद्देश्य :** यस कार्यविधिको उद्देश्य नगरपालिका कार्यालयमा नियुक्ति वा समाहित भएका करार सेवामा कार्यरत कर्मचारी र नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा सेवारत करार सेवाका कर्मचारी समेतलाई प्रोत्साहन सुविधा प्रदान गर्ने रहेको छ।

४. **समिति गठन :** यस कार्यविधि बमोजिम प्रोत्साहन सुविधा प्रदान गर्न निम्नानुसारको समिति गठन गरिने छ :

(क) संयोजक : उपप्रमुख

(ख) सदस्य : प्रमुख प्रशासकीय अधिकृत

(ग) सदस्य : सम्बन्धित शाखा प्रमुख

(घ) सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख

(ङ) सदस्य सचिव : प्रशासन शाखा प्रमुख

५. **प्रोत्साहन सुविधा :** (१) नगरपालिकाको मुख्य कार्यालय र वडा कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीलाई अवकास लिने अवस्थामा तपसिलमा उल्लेखित अनुसारको रकम कर्मचारीले गरेको सेवा अवधि, इमान्दारिता, योगदानको मूल्याङ्कन आदिलाई आधारमानी सुविधा प्रदान गर्न कार्यपालिका समक्ष पेश गर्नेछ।

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त मासिक शुरु तलब स्केलको एक तिहाई बराबरको रकम,

(ख) दश वर्षदेखि माथि पन्ध्र वर्षसम्म सेवा गरेकोमा बुँदा (क) बमोजिम र थप अवधिको हकमा काम गरेको प्रत्येक वर्षको निमित्त मासिक शुरु तलब स्केलको आधा महिना बराबरको रकम,

(ग) पन्ध्र वर्षदेखि माथि बीस वर्षसम्म सेवा गरेकोमा बुँदा (क), (ख) बमोजिम र थप अवधिको हकमा काम गरेको प्रत्येक वर्षको निमित्त मासिक शुरु तलब स्केलको दुई तिहाई बराबरको रकम,

(घ) बीस वर्षदेखि माथि सेवा गरेकोमा बुँदा (क), (ख), (ग) बमोजिम र थप अवधिको हकमा काम गरेको प्रत्येक वर्षको निमित्त मासिक शुरु तलब स्केलको एक महिना बराबरको रकम,

(ङ) नगरपालिकाद्वारा स्वेच्छिक अवकासका लागि आव्हान भई सूचना प्रकाशित भई अवकास लिने कर्मचारीले पनि सोही बमोजिमको सुविधा प्राप्त गर्ने छन् ।

(२) कार्यालयमा अस्थायी तथा सेवा करारमा काम गरेका कर्मचारीको सेवा अवधि छदै मृत्यु भएमा त्यस्ता कर्मचारीको हकदारलाई काजकृयाका लागि एक लाख रुपैयाँ उपलब्ध गराइने छ ।

(३) कार्यालयका अस्थायी तथा करार सेवामा कामकाज गर्ने कर्मचारीले आफ्नो तलबबाट कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोष कट्टा गर्न चाहेमा नगरपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी कोष कट्टा गर्ने व्यवस्था मिलाइने छ ।

(४) विशेष अवस्था परी बढीमा तीन महिनासम्म अनुपस्थित हुने कार्यालयका कर्मचारीको तलब प्राप्त गर्ने बिदा बाहेकको अवधि सेवा अवधिमा कट्टा गरी करार सेवालाई जोड्न समितिले सिफारिस गरेमा कार्यपालिकाले जोड्न सक्नेछ ।

(५) कार्यालयमा करार वा अस्थायी सेवामा रहेका कर्मचारीहरुले नियमानुसार पन्ध्र दिन कृया बिदा र सार्वजनिक बिदा बाहेक मासिक एक दिन बिदा पाउने छन् र सो बिदा सोही वर्षसम्म मात्र सञ्चित रहने छ ।

(६) करार सेवाका कर्मचारीले नगर सभाले तोके बमोजिम करार सम्झौता अनुसार तलब तथा अन्य सुविधा प्राप्त गर्ने छन् ।

(७) विद्यालयमा कार्यरत कर्मचारीहरुको हकमा समितिले सिफारिस गरे बमोजिम बढीमा पचास हजार रुपैयाँसम्म सुविधा उपलब्ध गराइने छ ।

(८) विद्यालयमा कार्यरत कर्मचारीहरुको हकमा सेवा छँदै मृत्यु भएमा त्यस्ता कर्मचारीको हकदारलाई काजकृयाका लागि पच्चीस हजार रुपैयाँ उपलब्ध गराइने छ ।

## परिच्छेद ३
## विविध

६. **दण्ड सजाय :** यस कार्यविधि बमोजिमका कर्मचारीलाई गण्डकी प्रदेशद्वारा जारी गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० बमोजिम नै दण्ड सजाय हुनेछ ।

७. **नियम बनाउन सक्ने** : यस कार्यविधिको अधिनमा रही कार्यपालिकाले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

८. **खारेजी** : व्यास नगर दीर्घ सेवा करार कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७९ खारेज गरिएको छ ।

आज्ञाले
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत